फोन नं. ०३३४०३०६३
E- kalyanpurmun2073@ gmail.com
E- kalyanpurmun.gov.np

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,कल्याणपुर
जिल्ला, सिरहा
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७७।०७८
चलानी नम्बर :-

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना
(प्रथम पटक प्रकाशित मितिः- २०७७-०४-२६)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७।७८ च.नं. २३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस कल्याणपुर नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः- कल्याणपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कल्याणपुर।

३. दरखास्त दिने अन्तिम मितिः- २०७७।०५।०९ गते कार्यालय समय भित्र ।

४. आवेदन दस्तुरः- रु ७००।-

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

६. आवेदनका साथ संलग्न कागजातहरूः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

| | |
|---|---|
| • नागरिकता | • न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र |
| • चारित्रिक प्रमाणपत्र | • अनुभव खुल्ने कागजात |
| • २ प्रति पासपोर्ट आकारको फोटो | |

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ती सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत